जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ११० २०८२ साल मंसिर ११ गते बिहीबार (27 Nov 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रकृति संरक्षण र.. ३ पृष्ठमा : स्वरसम्राट नारायण गोपालद्वारा ... ३ पृष्ठमा :इजरायली सेनाद्वारा उत्तरी ...

# कार्यकारी राष्ट्रपति प्रणाली सहित २८ बुदे माग गर्दै जसपा नेपालले पठायो प्रधानमन्त्रीलाई ज्ञापनपत्र





**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपती प्रणालीको माग राख्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

बुधबार जसपा नेपालका सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको नेतृत्वमा पार्टीका नेता तथा कार्यकर्ताको टोली जिल्ला प्रसान कार्यालय सप्तरी पुगेर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति सहित समानुपातिक समावेशी प्रतिनिधित्व हुने संसदको व्यवस्था सहितका २८ बुँदे माग राखि प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको हो ।

पार्टीको केन्द्रीय कार्यकारिणी समितिले घोषणा गरेको आन्दोलनका कार्यक्रम अनुसार पार्टीले उठाउँदै आएका मुख्य माग तथा राष्ट्रिय मुद्दाहरु समेटेर प्रधानमन्त्री शुशीला कार्कीलाई प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाइएको जिल्ला अध्यक्ष केदार प्रसाद यादवले जानकारी दिए ।

ज्ञापनपत्र मार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपती प्रणाली, समानुपातीक समावेशी प्रतिनिधीत्व हुने संसदको व्यवस्थाका साथै संविधान संशोधन वा पुनरलेखन गरी राष्ट्रिय समस्याको समाधान, राज्य पुर्नसंरचना उच्चस्तरीय आयोगको सुझाव प्रतिवेदन (१०+१) हुने गरी राज्यको पुर्नसंरचना गरिनु पर्ने माग गरिएको छ ।

यस्तै जनसंख्याको आधारमा प्रतिनिधित्व हुने व्यवस्था, दलित र महिलाका लागी छुट्टै आरक्षित संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको व्यवस्था, राष्ट्रियसभालाई प्रादेशिक जनसंख्याका आधारमा समानुपातीक समावेशी हुने गरी हाउस अफ नेशनललाईटिज बनाईनु पर्ने, स्थानीयतहलाई प्रादेशिक क्षेत्राधिकार अन्तर्गत राखेर गैर(दलिय आधारमा निर्वाचन, राजनीतिक नियुक्तीहरुमा भागवण्डा अन्त्य गरी योग्यता, क्षमता र अनुभवको आधारमा समानुपातीक समावेशी हुनेगरी नियुक्ती, विगतमा भएका आन्दोलनका वेला गठन गरिएका न्यायीक छानवीन

*बाँकी तीन पृष्ठमा*

# हनुमाननगर कंकालिनीका एक सय पचास परिवारलाई राहत वितरण

**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

हनुमाननगर कंकालिनी नगरपालिकामा एकसय पचास दलित परिवारलाई राहत स्वरुप खाद्यान्न सामग्री उपलब्ध गराइएको छ ।

ल्याटर डे सेन्ट च्यारेटिज को आर्थिक सहयोगमा, हेल्थ न्यूट्रिसन एजुकेशन एण्ड एग्रीकल्चर रिसर्च डेभलपमेन्ट नेपालको आयोजना र हनुमाननगर कंकालिनी नगरपालिकाको समन्वयमा सो खाद्यान्न सामग्री उपलब्ध गराइएको हो ।



नगरपालिकाको वडा नम्बर २ सकरदहीका ९३ वडा नम्बर ४ गंगापुरका ५७ जना गरि एकसय पचास जनालई लाई राहत उपलब्ध गराइएको नगरप्रमुख विरेन्द्र माझीले जानकरी दिए ।

खाद्यान्न सामग्रीमा चामल २५ किलो, दाल २ किलो, खाने तेल एक लिटर, नून एक किलो, त्रिपाल २ थान, लुगा धुने र नुहाउने साबुन ४/४ थान,

*बाँकी तीन पृष्ठमा*

# बेरोजगार युवालाई मासिक दुई हजार भत्ता दिने मधेश सरकारको तयारी



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

मधेश सरकारले बेरोजगार युवालाई मासिक दुई हजारका दरले जिवन निर्वाह भत्ता दिने तयारी थालेको छ ।

१८ देखि ३५ वर्ष उमेर समूहका स्नातक उत्तीर्ण तर बेरोजगार युवालाई प्रति महिना २ हजार रुपैयाँ जिवन निर्वाह भत्ता प्रदान गर्ने तयारी मधेश सरकारले थालेको हो ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार सरकारी विभिन्न निर्णय सार्वजनिक गर्दै यस्तो जानकारी दिएका हुन् ।

सरकारले रासायनिक मल अभावका साथै प्राकृतिक विपत्तिबाट किसानले भोग्नु परेको क्षतिको पृष्ठभूमिमा सरकारले सघन अनुगमन, राहत तथा भुक्तानी प्रक्रियालाई तीव्रता दिने निर्णय गरेको हो ।

पछिल्लो पटक मोन्था आँधीका कारण धानबालीमा ठुलो क्षति पुगेको भन्दै उनले प्रभावित

*बाँकी अन्तिम पृष्ठमा*

**एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं ।**

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय–समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं ।

सावधानी अपनाऔं, स्वस्थ रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# अस्तव्यस्त राजविराजलाई व्यवस्थित बनाउन आवश्यक

नेपालमा प्लानिङ्ग गरेर बसाईएको पहिलो शहर हो राजविराज । नगरपालिका घोषणा भएको ६६ बर्ष बित्यो । उहिले सगरमाथा अञ्चलको सदरमुकाम र अहिले सप्तरी जिल्लाको सदरमुकामको रुपमा रहेका राजविराज नगरपालिकाले देशमा राणाशासन, त्यसपछि २००७ सालको प्रजातन्त्र, २०१५ सालको पहिलो प्रजातान्त्रिक निर्वाचन देखि लिएर २०४६ सालको व्यवस्था परिवर्तन र अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको साक्षीको रुपमा रहँदै आएको छ ।

देशमा औसत १० एउटा संविधानको आयु देखाएपनि यो शहरमा बसोबास गर्ने नागरिक सबै किसिमका परिवर्तनबाट आएको शासन व्यवस्था हेरेका छन् । देशमा अनेक परिवर्तन हुँदै आएको भएपनि नगरपालिका बनेको ६६ बर्षमा पनि राजविराजमा खासै परिवर्तनको अनुभूती भने नागरिकले गर्न पाएका छैनन् । ४ पटक शिलान्यास भएर बल्ल निर्माण सम्पन्न भएको बसपार्क अहिले सम्म संञ्चालनमा आएको छैन् । मुख्य बजार क्षेत्रमा ट्राफिकले गर्दा सबै सडक अस्तव्यस्त अवस्थामा छन् । जताततै पार्किङ्गले सडकलाई साँगुरो बनाएको अवस्था छ भने गुदरी हटिया पनि व्यवस्थित हुन नसक्नुले सबै क्षेत्र अस्तव्यस्त रहेको प्रमाणित हुन्छ ।

आजको वैज्ञानिक युगमा यो अवस्थाले पक्कै पनि विकास भएको मान्न सकिने आधार तय गर्दैन् । नगरलाई व्यवस्थित बनाउन सबै भन्दा पहिला सुनसान रहेको बसपार्कलाई सञ्चालनमा ल्याएर मुख्य बजारको मेनरोडमा जताततै राखिएको बसहरुलाई बसपार्कबाटै सञ्चालन हुने व्यवस्था मिलाउनु जरुरी छ । त्यस्तै जताततै पार्किङ्गको समस्याले साँगुरो बनाएको सडकलाई फराकिलो बनाउन सडकको एक साइडमा पार्किङ्ग गर्ने गरी व्यवस्था मिलाउनु आवश्यक छ भने तरकारी बजारलाई पनि अविलम्ब व्यवस्थापन गर्नु जरुरी छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# प्रकृति संरक्षण र विपद् व्यवस्थापनमा सेना 'पहिलो र अन्तिम भरोसा'

सङ्गीता राई

धरान (सुनसरी),१० मङ्सिर रासस । कोशीटप्पु वन्यजन्तु आरक्षमा वन्यजन्तु तथा जैविक विविधता संरक्षण र विपद् व्यवस्थापनमा नेपाली सेनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

आरक्ष र वरपरका क्षेत्रमा अप्ठ्यारो अवस्थामा सेना 'सबैभन्दा पहिले र अन्तिम भरोसा'का रुपमा खटिइरहेको छ, जसले स्थानीय समुदाय, पर्यटक र वन्यजन्तुका लागि सुरक्षित वातावरण सुनिश्चित गरिरहेको छ ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले प्रकृति संरक्षण र जैविक विविधता कामय गर्ने सन्दर्भमा सेना अहोरात्र खटिइएर महत्वपूर्ण योगदान गरिरहेको बताउनुभयो । "कोशी टप्पुमा सेनाको मुख्य जिम्मेवारी वन्यजन्तु संरक्षण गर्नु र अवैध चोरी, सिकारी नियन्त्रण गर्नु हो", उहाँले भन्नुभयो, "यसका लागि आरक्षभित्र नियमित गस्ती, चोरी सिकारी गर्नेविरुद्ध कारबाही र संरक्षणसम्बन्धी कार्यक्रममा स्थानीय समुदायसँग सहकार्य गरिरहेको छ ।"

सहायक रथी बस्नेतले संरक्षित क्षेत्रभित्र हुने चोरी शिकारी, अवैध घुसपैठ र अन्य गैरकानुनी गतिविधि रोक्न निरन्तर निगरानी भइरहेको बताउनुभयो । यसबाट दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका र स्थानीय समुदाय तथा पर्यटकका लागि विश्वासिलो वातावरण निर्माण भएको उहाँको भनाइ छ । सेनाले वन्यजन्तु संरक्षण, अवैध चोरी सिकारी नियन्त्रण, प्राकृतिक स्रोतको संरक्षण र विपद्मा उद्धार गर्दै स्थानीय समुदायका लागि भरपर्दो र विश्वासिलो साझेदारी गर्दै आएको छ । नियमित गस्ती, निगरानी र अपरेशनल गतिविधिका कारण आरक्षभित्रका दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका छन् ।

विसं १८६९ मा सुरेन्द्रवीर विक्रम शाहको शासनकालबाट नेपालमा प्रकृति संरक्षणको थालनी भएको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको शिलालेखमा भेटिन्छ । नेपालको संरक्षण प्रयास विश्वकै सबैभन्दा प्राचीन मानिन्छ । कूल सैनिक सङ्ख्याको झण्डै १० प्रतिशत जनशक्ति प्रकृति संरक्षणमा परिचालित छन् । यो विश्वकै लागि उदाहरण हो ।

विसं २०३२ मा स्थापना भएको कोशीटप्पु वन्यजन्तु आरक्ष प्रारम्भमा १७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको थियो । २०६१ सालमा मध्यवर्ती क्षेत्र थपिएपछि अहिले १७३ वर्ग किलोमिटर कायम भएको छ । सुनसरी(सप्तरी जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापुमा अवस्थित यो आरक्ष जङ्गली भैँसी (अर्ना) का कारण चर्चित छ । कोशीटप्पु रैथाने अर्ना पाइने एक मात्र संरक्षित क्षेत्र हो ।

आरक्षभित्र सप्तकोशीको बालुवाबाट बनेका टापु, सिसौँ र खयरका जङ्गल, बसाइँसराइ गर्ने चराचुरुङ्गी र अतिदुर्लभ खरमयुरका वासस्थान छन् । सन् १९८७ देखि यो आरक्ष रामसार सूचीमा सूचीकृत छ । जलचर प्रजाति घडीयाल, मगरगोही, सोँस (डल्फिन) र माछा पनि यहाँ पाइन्छ । कोशीटप्पुलाई 'चराहरूको राजधानी' समेत भनिन्छ । पक्षी अवलोकन र अध्ययनका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेको सो आरक्षलाई पूर्वी भारततर्फको क्षेत्रमा जैविक मार्गका रूपमा लिइन्छ । चितुवाबाहेक अन्य ठूलो मांसाहारी जनावरको सङ्ख्या न्यून भए पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष कार्यलयले जनाएको छ ।

हिमाल, पहाड तथा तराईको विशिष्ट जैविक विविधता, लोपोन्मुख वन्यजन्तु, जलचर, पक्षी र विविध वन पैदावारका कारण नेपाल प्रकृति प्रेमी, अनुसन्धानकर्ता र पर्यटकका लागि विश्वकै प्रमुख आकर्षणको केन्द्र बन्दै आएको छ । यस्ता प्राकृतिक स्रोत र जैविक विविधतालाई दीर्घकालसम्म संरक्षण गर्नु चुनौतीपूर्ण भए पनि सेनाले पाँच दशकदेखि अनवरतरुपमा सुरक्षाका लागि पहरा दिँदै आइरहेको प्रवक्ता बस्नेतले बताउनुभयो । सेनाले ३३ जिल्लामा अवस्थित १४ राष्ट्रिय निकुञ्जसहित आरक्ष र संरक्षण क्षेत्र सुरक्षा गर्दै आइरहेको छ ।

सेनाले वन्यजन्तु संरक्षण, अवैध गतिविधि नियन्त्रण, स्थानीय समुदायसँग सहकार्य, जैविक विविधता संरक्षणबारे जनचेतना विस्तार र पर्यावरणीय स्रोतको दीर्घकालीन उपयोग सुनिश्चित गर्दै आएको छ । विपद्को समयमा सेनाले उद्धार, राहत वितरण र पुनःस्थापनामा स्थानीय समुदायको भरोसा जितेको छ । कोशीटप्पु क्षेत्र सुरक्षार्थ खटिइएको श्री भीमकाली गुल्मले दैनिक गस्ती, चेकपोइन्ट, 'स्वीप अपरेसन', 'एम्बुस' तथा अन्य निगरानी गर्दै आएको छ । जङ्गली जनावरबाट हुने जोखिम, संरक्षणका उपाय तथा जैविक विविधताको महत्वबारे स्थानीय वासिन्दालाई सचेत पार्ने कार्य पनि नियमित रूपमा भइरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

स्थानीय समुदायसँगको सहकार्यमा मानव(वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जङ्गली जनावरलाई 'कोर इलाका'तर्फ फर्काउने, घाइते जनावरको प्राथमिक उपचार र स्वास्थ्यचौकीसम्म पु¥याउने तथा क्षतिपूर्ति दिलाउने काममा सेना सक्रिय छ । स्थानीय समुदायलाई संरक्षणसम्बन्धी तालिम, जनचेतना कार्यक्रम, जङ्गली जनावरसँग कसरी व्यवहार गर्ने, जोखिम हुँदा कसरी बच्ने भन्ने प्रशिक्षणसमेत सञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रमले समुदाय( संरक्षित क्षेत्र सहकार्यलाई अझ मजबुद बनाएको सेनाको भनाइ छ ।

आरक्ष क्षेत्र खुला र मानव वस्ती नजिक हुँदा चोरी निकासी बढ्न सक्ने सम्भावनाप्रति सचेत रहँदै सेनाले सो गतिविधि रोक्न असरदार कारबाही गर्दै आएको छ । त्यसका लागि सेनाले घरेलु प्रविधिसमेत विकास गरेको छ । यसमा स्मार्ट पट्रोल, ट्याकिङ डिभाइज, ड्रोन, सिसिटिभी, भ्वाइस रेकर्ड जस्ता आधुनिक निगरानी उपकरण, डेटा व्यवस्थापन प्रणाली र अन्य प्रविधि समावेश छन् ।

संरक्षित क्षेत्रको सुरक्षा मात्र नभई सेना विपद् व्यवस्थापनमा समेत सक्रिय छ । बाढी, पहिरो, डुबान र अन्य प्राकृतिक विपद्मा समयमै उद्धार, राहत र पुनःस्थापनामा सेनाले खेलेको भूमिका स्थानीयबीचमा अविस्मरणीय छ । विसं २०३८ देखि कोशीटप्पुको संरक्षणमा सेना खटिइएको हो । सेना उपस्थितिपछि आरक्षभित्र पाइने दुर्लभ अर्नाको सङ्ख्या वृद्धि भएको आरक्ष कार्यालयले जनाएको छ ।

सन् १९७६ को गणनाअनुसार कोशीटप्पुमा ६३ वटा अर्ना थियो भने सन् २०२१ को गणनाअनुसार कोशीटप्पुमा चार सय ९८ वटा अर्ना रहेका छन् । आरक्ष प्रमुख भूपेन्द्रप्रसाद यादवका अनुसार, कोशीटप्पुमा स्तनधारी ४२, पक्षी ५३५, माछा १४१ र पुतली ७७ प्रजातिका छन् । विसं २०८० को गणनाअनुसार खरमयुर ३२ वटा र २०७९ को गणनाअनुसार डल्फिन १९ वटा रहेको प्रमुख यादवले जानकारी दिनुभयो ।

कोशीटप्पुमा धेरै जसो चराहरु साइबेरियाबाट आउने गरेका छन्, धेरैजसो चराहरु जाडो छल्न आउने गरेको यादवले बताउनुभयो । जङ्गली हात्ती, एकसिङ्गे गैँडा, ढाड नहुने प्राणी ५७ प्रजाति, जडिबुटी १८ प्रजाति, डाले घाँस ३३ प्रजाति, उन्यु १२ प्रजाति, कालो भुँडिफोर, सेतो भुँडिफोर, अजिङ्गर, सरिसृप, सुन गोहोरो, घडियाल गोही, निलगाई, चितल, रतुवा, लगुना, मलाह बिरालो, मगर गोहीलगायत दुर्लभ प्रजाति यहाँ रहेका छन् । रात्री गस्ती, आकस्मिक तैनाथी, सूचना सङ्कलन र विश्लेषणका कारण चोरी, विकारी तथा पैठारीका गतिविधिमा विगतका वर्षको तुलनामा उल्लेख्य कमी आएको सेनाले जनाएको छ ।

नेपाली सेना र कोशीटप्पु वन्यजन्तु आरक्षको संयुक्त टोलीले आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ सम्मको अवधि विभिन्न अवैध क्रियाकलापमा संलग्न व्यक्तिबाट अवैध वन्यजन्तु तथा सामग्री बरामद गरेको छ । मध्यवर्ती क्षेत्र भनेको आरक्ष तथा निकुञ्जभित्रको महत्वपूर्ण संरचना भएकाले यसको संरक्षण हाम्रो पहिलो जिम्मेवारी हो, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष जङ्गबहादुर खड्काले भन्नुभयो, स्थानीय समुदायका समस्या बुझ्ने, उनीहरूलाई सहयोग गर्ने र ती समस्यालाई सरकारले सुन्नेगरी सम्बोधनका लागि पु¥याउने काम हाम्रो प्रमुख दायित्व हो ।

उहाँका अनुसार मानव( वन्यजन्तु द्वन्द्वका घटनामा स्थानीय बासिन्दाले भोग्ने पीडा र क्षति निकै चुनौतीपूर्ण हुने भएकाले यसको व्यवस्थापनमा समुदाय, नेपाली सेना र निकुञ्ज कार्यालयबीच सहकार्य गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो,हात्ती वा अन्य वन्यजन्तुबाट बाली नोक्सान, घर भत्किने, ज्यान(धनको क्षति हुने जस्ता घटनामा राहत उपलब्ध भइरहे पनि धेरैजसो समयमा त्यो सहयोग ढिलो पुग्ने गरेको छ । राहत तथा क्षतिपूर्तिको प्रक्रिया सरल, छिटो र सहज हुने नीतिगत सुधार भए जनताले अझ प्रभावकारी सहयोग पाउने अध्यक्ष खड्काले बताउनुभयो ।

अध्यक्ष खड्काले द्वन्द्व न्यूनीकरणका लागि क्षति बढी हुने क्षेत्रपहिचान गरी अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ । उहाँले भन्नुभयो, "पहिले क्षतिको प्रकृति बुझेर तत्काल राहत व्यवस्थापन गर्नुपर्छ । संरक्षणमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण छ, किनकी जनावर पनि बाँच्न पाउनुपर्छ भन्ने बुझाइ समुदायमा छ । हामी त्यही समझदारी र राज्यबीच पुलको भूमिकामा काम गरिरहेका छौं ।"

सेनाको नियमित गस्ती, तस्करी नियन्त्रण, साना ठूला अवैध गतिविधिमा निगरानी, सूचना आदान(प्रदान, संयुक्त अपरेसन, जोखिमयुक्त क्षेत्र पहिचान र अस्थायी चेकपोइन्ट स्थापनाले सुरक्षामा उल्लेखनीय सुधार ल्याएको आरक्ष प्रमुख यादवको भनाइ छ । "सेनाको उपस्थितिबाट आरक्षको वन्यजन्तु गणना, जैविक पर्यटन, पर्यटक सुरक्षा र संरक्षण गतिविधि व्यवस्थित र प्रभावकारी भएको छ", उहाँले भन्नुभयो, "आरक्ष कार्यालयले सेना, स्थानीय सरकार र समुदायसँग मासिक बैठक गरी उच्च जोखिम क्षेत्र पहिचान गरी आवश्यक अपरेसन गर्दै आएको छ ।

# स्वरसम्राट नारायण गोपालद्वारा इच्छित ‘गीत गङ्गा’ भवन निर्माण

काठमाडौँ, १० मङ्सिर (रासस) ।

“म नरहे पनि तिमीले एउटा सङ्गीतसम्बन्धी स्कुल खोल्नु र वसन्त चौधरीलाई त्यसको अध्यक्ष बनाउनु । यसबाहेक नगेन्द्र थापा, विश्वम्भर प्याकुर्‍याल र मेरा साथीहरू पनि त्यसमा समावेश गर्नु । तिमीले केही गर्नुपर्दैन । साथीहरूले सघाउँछन्”, स्वरसम्राट नारायण गोपालले बित्नुअघि अस्पतालको सघन उपचार कक्ष (आइसियू)मा धर्मपत्नी पेमला गुरूवाचार्यलाई दिनुभएको जिम्मेवारीले अहिले पूर्णताः पाएको छ ।

पेमलाले नारायण गोपालको उक्त उद्गारलाई नारायण गोपाल सङ्गीत कोषद्वारा प्रकाशित ‘बागीना’ को स्मृति अङ्कको संस्मरणमा लेख्नुभएको छ । नारायण गोपालको उक्त सुरमय सपना महाराजगञ्जस्थित नवनिर्मित ‘गीत गङ्गा’ भवनले पूरा गरेको छ । यद्यपी, गुरुवाचार्य जीवित छँदा भने यो कार्यले पूर्णता पाउन सकेन ।

महाराजगञ्जस्थित भाटभटेनी सुपरमार्केट नजिक एक रोपनी चार आना जग्गामा निर्मित ‘गीत गङ्गा’ सङ्गीतमय भवनमा रूपान्तरण हुँदैछ । यहाँ एक अत्याधुनिक स्टुडियो, विभिन्न सङ्गीतका कक्षाकोठाहरू, नारायण गोपालको सङ्ग्रहालय र एक सङ्गीतसम्बन्धी एफएम रेडियो पनि सञ्चालनको तयारी भइरहेको छ । यहाँका दुई भवनमध्ये एउटालाई ‘गीत गङ्गा’ र अर्कोलाई नारायण गोपाल सङ्गीत कोषको कार्यालयका रूपमा निर्माण गरिएको कोषले जनाएको छ ।

काठमाडौँ महानगरपालिकाको तत्कालीन नेतृत्वले गरेको निर्णयबाट उक्त भवन निर्माणार्थ रु पाँच करोड ५० लाख विनियोजन भएपछि विसं २०७७ देखि काम सुरू भएको थियो । त्यसबेला कामपा(३ का वडाध्यक्ष दीपक केसी अहिले नारायण गोपाल सङ्गीत कोषको अध्यक्ष भएर स्वरसम्राटको अन्तिम इच्छालाई साकार बनाउने अभियानमा अगुवाई गर्दै हुनुहुन्छ ।

अध्यक्ष केसीले पहिलो कार्यकालमा वडाध्यक्ष हुँदा २०५३ सालमा महाराजगञ्जमा नारायण गोपाल चोक नामकरण गरी उहाँको शालिक निर्माण गराउनुभएको थियो । विसं २०७१ देखि कोषमा जोडिनुभएका केसीले ‘गीत गङ्गा’ भवन नेपालको सबैभन्दा ठूलो ‘फुल अर्केष्ट्रा’ सहितको स्टुडियो निर्माण हुँदैछ ।

“अस्पतालको शचयामा रहेका बेला स्वरसम्राटले आफ्नो हात्तिगौँडाको जग्गा बेचेर सङ्गीत विद्यालय खोल्न भन्नुभएको थियो, त्यहाँको जग्गा बेच्न नमिलेकाले महाराजगञ्जको जग्गालाई राष्ट्रको सम्पति बनाएका छौँ । ‘गीत गङ्गा’ भवन नयाँ पुस्ताका लागि सङ्गीतको ज्ञान केन्द्र हो”, अध्यक्ष केसीले भन्नुभयो, “हामीलाई महानगरबाहेक अहिले अन्य सरकारबाट कुनै सहयोग प्राप्त भएको छैन । कोषमा रहेको रु ६० लाखको रकमबाट वार्षिक कार्यक्रम र पुरस्कार सञ्चालन गरिरहेका छौँ ।”

यही मङ्सिर १९ गते नारायण गोपालको ३५औं स्मृति दिवसका अवसरमा कोषको आयोजनामा ‘गीत गङ्गा’ भवनको काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहबाट उद्घाटनका साथै स्रष्टा सम्मान र पुरस्कार वितरण कार्यक्रम हुँदैछ । कोषले गायक तथा पूर्वराज्यमन्त्री रामवीर मानन्धर र वरिष्ठ सर्जक बिबी थापालाई सम्मान र जनही रु ५१ हजार राशिको पुरस्कार बालकृष्ण सजीव (रचना), राजु अग्रवाल ( सङ्गीत) र दावा ग्याल्मो देवान ( गायन) लाई पुरस्कार प्रदान गरिने जनाएको छ ।

सफल एवं ख्यातिप्राप्त आधुनिक नेपाली गायक नारायण गोपाल गुरूवाचार्यको जन्म विसं १९९६ असोज १८ र मृत्यु विसं २०४७ मङ्सिर १९ भएको थियो । नेपालको पहिलो पुस्ताका गायक नारायण गोपालका एक सय ३७ गीत रेकर्डिङ भएका छन् । उहाँका ‘बिछोडको पीडा…’, ‘ए कान्छा ठट्टैमा यो वैँश जान लाग्यो…’, ‘जाग, लम्क चम्क हे…’, ‘गल्ती हजार हुन्छन्…’, ‘अल्भ्फेछ क्यारे पछ्यौरी…’, ‘ईश्वर तैँले रचेर फेरि…’, ‘मेरो बेहोसी…’, मुटु माथि ढुङ्गा राखी…’, ‘मलाई छोडी मेरो छायाँ…’, ‘छोपिएर घामको झुल्का…’, ‘पर्खी बसेँ आउला भनीँ…’ लगायत सयौँ लोकप्रिय गीत छन् ।

गीत र सङ्गीत क्षेत्रका स्थापित व्यक्तित्वहरू लक्ष्मीप्रसाद देवकाटा, प्रेमध्वज प्रधान, रत्नशम्शेर थापा, पुष्प नेपाली, बच्चुकैलाश, तारादेवी, अम्बर गुरुङ, नातिकाजी, शिवशङ्कर, चाँदनी शाह, दिनेश अधिकारी, कालिप्रसाद रिजाल, किरण खरेल, शम्भुजीत बाँस्कोटा आदिका सृजनासँग सहकार्य गर्दै नारायण गोपालले नेपाली गीतको आधुनिकतामा विशेष आयाम थप्नुभएको हो ।

# विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक

काठमाडौँ, १० मङ्सिर (रासस) ।

सन् २०२६ मा हुने आइसिसी टी-२० विश्वकपको खेल तालिका सार्वजनिक भएको छ । अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सहभागी २० टोलीलाई चार समूहमा विभाजन गर्दै खेल तालिका सार्वजनिक गरेको हो ।

भारत र श्रीलङ्कामा हुने आइसिसी टी-२० विश्वकप आगामी फेब्रुअरी ७ देखि मार्च ८ सम्म सञ्चालन हुनेछ । सार्वजनिक तालिकाअनुसार नेपाल समूह ‘सी’ मा रहेको छ । नेपालका सबै खेल भारतको मुम्बईमा राखिएका छन् । नेपालको समूहमा वेस्ट इन्डिज, इङ्ल्यान्ड, बङ्गलादेश र इटाली छन् । वेस्ट इन्डिज र इङ्ल्यान्ड दुवै दुई/दुई पटकका विश्व विजेतासमेत हुन् ।

नेपालको पहिलो खेल आगामी फेब्रुअरी ८ तारिखमा मुम्बईस्थित वान्खडे रङ्गशालामा इङ्ग्ल्यान्डसँग हुनेछ । यस्तै नेपालको दोस्रो खेल फेब्रुअरी १२ मा इटाली, तेस्रो फेब्रुअरी १५ मा वेस्ट इन्डिज र चौथो फेब्रुअरी १७ मा बङ्गलादेशसँग हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ ।

क्यानका अध्यक्ष चतुरबहादुर चन्दले केही साताअघि आइसिसी अध्यक्ष जय शाहलाई भारतको नयाँदिल्लीमा भेटेर नेपालका खेलहरू भारतमा राखिदिन आग्रहसमेत गर्नुभएको थियो । उक्त आग्रहलाई स्वीकार गर्दै नेपालका सबै खेल भारतमा राखिएका अध्यक्ष चन्दले बताउनुभयो ।

योसँगै नेपाल तेस्रोपटक विश्वकपमा सहभागी हुँदैछ । यसअघि नेपालले सन् २०१४ र २०२४ मा विश्वकप खेलेको थियो ।

# गत वर्ष रोकिएको बाघ गणना आगामी पुस १ गतेदेखि

चितवन, १० मङ्सिर (रासस) ।

आगामी पुस १ गतेदेखि बाघ गणना थालिने भएको छ । पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना गर्न लागिएको हो ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । हरेक चार(चार वर्षमा बाघ गणना गरिँदै आएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार पुस, माघ र फागुन गरी तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । उहाँका अनुसार सुरुमा चितवन र पर्सालाई एउटा कम्प्लेक्स बनाएर यहाँबाट गणना थालिने छ । यो कम्प्लेक्समा तीन वटा ब्लक रहने छन् ।

ती ब्लकभित्र दुई वर्गकिलोमिटर क्षेत्रमा एक जोडी क्यामेरा जडान गरीने छ । यसलाई ग्रीड भनिन्छ । यसमा क्यामेरा १५ रात राखेपछि अर्को ग्रीडमा सारिने छ । दोस्रो कम्प्लेक्स बाँके र बर्दीया राष्ट्रिय निकुञ्जलाई बनाईएको छ । त्यहाँ भित्र पनि तीन वटा ब्लक हुने छन् । तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझण्डी हुनेछ । यो एउटै ब्लक बनाइने उहाँले जानकारी दिनुभयो ।

निकुञ्ज विभागले सरकारी निकाय र दातृ निकायहरुसँग भएका एक हजार १०० क्यामेरा गणनामा प्रयोग गर्न लागेको आचार्यले जानकारी दिनुभयो । क्यामेरा पुरानै प्रयोग गरिने भएकाले गणनामा रु दुई करोड ५० लाख हाराहारी खर्च हुने अनुमान छ । सरकारी र दातृ निकायहरुको सहयोगमा गणना गर्न लागिएको हो ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ वटा वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएको थियो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्तका अनुसार बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेराहरु राखिने छ । ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ । बाघहरुको फोटो हेरेर तिनीहरुको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुटयाइने उहाँले जानकारी दिनुभयो । हरेक बाघको पाटा फरक(फरक हुने गर्दछन् ।

बाघ गणना सम्पन्न भए पछि गैँडा गणना गर्ने तयारी छ । गत वर्ष गैँडा गणना गर्ने कार्यक्रम बजेट अभावका कारण रोकिएको थियो । हरेक चार/चार वर्षमा गैँडा गणना गरिँदै आएको थियो । गत वर्ष गर्न नसकीएको गैँडा गणना यस वर्ष फरक विधिबाट गर्ने तयारी निकुञ्ज विभागको रहेको छ ।

### *हनुमाननगर…*

मन्जन, ब्रस, तौलिया र झोला रहेको छ ।

राहत वितरणमा नगरप्रमुख माझी सहित वडा नम्बर २ का अध्यक्ष सन्तोष गोइत, वडा नम्बर ४ का अध्यक्ष मौली मण्डलसहित स्थानीय र सुरक्षाकर्मीको उपस्थिति थियो ।

### *कार्यकारी…*

आयोगहरुको प्रतिवेदन सार्वजनिक लगायतका २८ बुन्दे माग ज्ञापनपत्रमा उल्लेख गरिएको अध्यक्ष यादवले बताए ।

ज्ञापनपत्र बुझ्दै प्रजिअ पोखरेलले तत्कालै प्रधानमन्त्रीको कार्यालय पठाइ आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए ।

जिल्ला अध्यक्ष यादव संगै प्रदेश साँसद किरण कुमारी साह, मधेश प्रदेशका पूर्व सभामुख उपमा देव, जसपा नेता जगदेव यादव, शैलेश चौधरी, दिनेश कुमार यादव, लक्ष्मण यादव, विनोद यादव, किशोर यादव“केसी”, प्रभाकर यादव, अमुत साफी, नववित झा, शम्भु यादव, महिला नेतृ रमिला देवी साह, पुनम यादव, आशा साह सहित ठूलो संख्यामा जसपा नेता/कार्यकर्ता जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।

## विश्व समाचार

# इजरायली सेनाद्वारा उत्तरी वेस्ट बैंकमा नयाँ ‘आतङ्कवाद विरोधी’ अपरेसन सुरु

जेरुसेलम, १० मङ्सिर (रासस/एएफपी) ।

इजरायली सेनाले बुधबार कब्जा गरिएको वेस्ट बैंकको उत्तर क्षेत्रमा नयाँ ‘आतङ्कवाद विरोधी’ अपरेसन सुरु गरेको घोषणा गरेको छ । सेनाले जारी गरेको संयुक्त विज्ञप्तामा सो कारबाहीलाई ‘उत्तरी सामरिया’ भनिने क्षेत्रमा सञ्चालन गरिएको व्यापक सुरक्षात्मक पहलको एक महत्त्वपूर्ण हिस्सा रहेको उल्लेख गरिएको छ ।

सैन्य अधिकारीहरू तथा आन्तरिक सुरक्षा सेवाबाट जारी गरिएको उक्त विज्ञप्तामा वेस्ट बैंकका केही भागका लागि प्रयोग हुने बाइबलीय शब्दसमेत उल्लेख गर्दै कारबाही औपचारिक रूपमा प्रारम्भ भएको पुष्टि गरिएको छ ।

एएफपीको लिखित जिज्ञासाको जवाफमा इजरायली सेनाले यो अपरेसन पूर्णतः नयाँ रहेको र सन् २०२५ जनवरीमा सुरु गरिएको पहिलेको आतङ्कवाद विरोधी अभियानको निरन्तरता नभएको स्पष्ट पारेको छ । सो पुरानो अपरेसन मुख्यतः प्यालेस्टिनी शरणार्थी शिविरहरूलाई लक्षित गर्दै आएको थियो ।

सन् १९६७ देखि इजरायलद्वारा कब्जा गरिएको वेस्ट बैंकमा सन् २०२३ अक्टोबरमा हमासद्वारा गरिएको आक्रमणपछि सुरु भएको गाजा युद्धले हिंसा झनै चर्किएको छ । यद्यपि गाजामा अक्टोबर १० देखि लागू भएको नाजुक युद्धविराम अहिले पनि औपचारिक रूपमा कायम भए पनि वेस्ट बैंकमा हिंसात्मक गतिविधि रोकिएको छैन ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा आधारित एएफपीद्वारा सङ्कलित विवरणअनुसार गाजा युद्ध सुरु भएयता वेस्ट बैंकमा इजरायली सेना वा इजरायली बसोबासकर्ताद्वारा एक हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान गएको छ । तीमध्ये धेरैजना सशस्त्र समूहका सदस्य भए पनि ठूलै सङ्ख्यामा सर्वसाधारण नागरिक पनि मारिएका छन् ।

उता, आधिकारिक इजरायली विवरणअनुसार सोही अवधिमा प्यालेस्टिनी आक्रमण तथा इजरायली सैन्य कारबाहीका क्रममा सैनिक र नागरिक गरी कम्तीमा ४४ इजरायलीले ज्यान गुमाएका छन् ।

# जकार्तामा कुकुर, बिरालो र चमेरोको मासु बेच्न प्रतिबन्ध

जकार्ता, १० मङ्सिर (रासस/एएफपी) ।

इन्डोनेसियाको राजधानी जकार्तामा रेबिज सङ्क्रमण नियन्त्रणका लागि कुकुर, बिरालो र चमेरोको मासु बेच्न र उपभोगमा प्रतिबन्ध लगाइएको शहरका गभर्नरले मङ्गलबार जानकारी दिएका छन् ।

जकार्ताका गभर्नर प्रमोनो अनुङले सामाजिक सञ्जालमा एक विज्ञप्ति जारी गर्दै भन्नुभयो, “खानाको उद्देश्यका लागि रेबिज सार्ने जनावरहरूको मासु बेच्न नगर प्रशासनले प्रतिबन्ध लगाएको छ। यसका लागि मैले निर्णयमा हस्ताक्षर गरिसकेको छु ।”

एएफपीले देखेको एक पत्रमा प्रमोनोले सोमबार हस्ताक्षर गरेको उक्त नियम लागू हुनुअघि छ महिनाको छुट अवधि प्रदान गरेको छ ।

उल्लङ्घनकर्ताहरूले लिखित चेतावनीदेखि व्यापार इजाजतपत्र रद्द गर्नेसम्मको प्रतिबन्धको सामना गर्न सक्छन् ।

गभर्नरले अनुङले भन्नुभयो, “यो प्रतिबन्ध जीवित जनावर, मासु वा अन्य कच्चा वा प्रशोधित मासुजन्य उत्पादनहरूमा लागू हुनेछ । सम्बन्धित सबै गतिविधिहरू खाद्य उद्देश्यका लागि लक्षित रेबिज सार्ने जनावरहरूको बेचविखन नियन्त्रणका लागि लागु गर्न लागिएको हो ।”

इन्डोनेसिया कुकुर र बिरालोको मासु बेच्न अनुमति दिने थोरै देशहरू मध्ये एक हो । देशका अन्य स्थानमा पनि मासु बेच्ने अनुमति दिने अभ्यासकोविरूद्ध अभियानले गति लिएको छ । हालका वर्षहरूमा केही सहरले केही जनावरको मासुको बेचबिखनमा स्थानीय प्रतिबन्ध लगाएका छन् ।

पशु अधिकारकर्मीहरूले जकार्ता प्रतिबन्धलाई पशु अधिकारका लागि सही दिशामा अघि बढ्ने एक कदम प्रगतिको रूपमा प्रशंसा गरेका छन् ।

कुकुरको मासु बेच्ने स्वतन्त्रता जारी रहेको इन्डोनेसियाले एक विज्ञप्तिमा भनेको छ, “यो नीति सबै इन्डोनेसियाली जनताको रक्षा गर्ने र न्यायपूर्ण र सभ्य राष्ट्र बन्ने संविधानको म्यान्डेटसँग मेल खान्छ ।”

विश्व स्वास्थ्य सङ्गठनका अनुसार हरेक वर्ष रेबिजका कारण धेरै इन्डोनेसियालीहरूको मृत्यु हुने गरेको छ । इन्डोनेसियाको स्वास्थ्य मन्त्रालयले सन् २०२५ जनवरीदेखि मार्चको बीचमा रेबिजका कारण २५ जनाको मृत्यु भएको जनाएको छ ।

मुस्लिम बहुल इन्डोनेसियामा कुकुरलाई अशुद्ध मानिएको र घरपालुवा जनावरका रूपमा विरलै राखिन्छ तर केही समूहमाझ कुकुरको मासु अझै किनबेच हुने गरेको छ ।

प्रोटिनको सस्तो स्रोत कुकुरको मासु अन्य केही एसियाली देशहरूमा पनि खाने गरेको पाइन्छ ।

# रंगभेद विरुद्ध राजविराजमा जनमतको प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।** रंगभेद विरुद्धको नारा लगाउँदै जनमत पार्टीले राजविराजमा बुधबार बृहत प्रदर्शन गरेको छ । जनमत पार्टी सप्तरीको नेतृत्वमा रंगभेद विरुद्ध नारा लगाउँदै विरोध प्रदर्शन गरिएको हो ।

प्रदर्शनको क्रममा 'मधेस प्रदेशलाई स्वयत्त प्रदेश घोषणा गर, रंगभेद आक्रमण अन्त्य गर, रंगभेद गर्न पाइदैन, धोती भैया भनेर हेप्न पाइदैन, नश्लवादी राज्य चाहिदैन जस्ता नाराहरु लगाईएको थियो ।

राजविराज स्थित पार्टी कार्यालयबाट निस्किएको बिरोध र्याली नगरपालिकाको मुख्य सडक परिक्रमा गर्दै नेता चौकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

जिल्ला इन्चार्ज रामगमन साहको अध्यक्षतामा आयोजित कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय उपाध्यक्ष एवम् संगठन विभाग प्रमुख डा.जयकान्त राउत, केन्द्रीय सदस्य सुरेन्द्र मधेसी लगायतले सम्बोधन गर्दै रंगको आधार अझै भेदभाव कायम रहेको बताए । जाति र रंगको आधारमा हुने कुनैपनि प्रकारको विभेद सहय नहुने बताउँदै उनीहरुले यस्ता गतिविधि अन्त्य नभएसम्म दवावमुलक कार्यक्रम जारी राख्नुपर्नेमा जोड दिएका थिए ।

# सुशासनमार्फत जनतामा आशा जगाउन वर्तमान सरकार केन्द्रित छः *मन्त्री घिसिङ*

काठमाडौँ, १० मङ्सिर (रासस) । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले मुलुकमा सुशासनको प्रत्याभूति गराउँदै जनतामा आशा जगाउन वर्तमान सरकार केन्द्रित भएको बताउनुभएको छ ।

राष्ट्रिय युवा परिषद् र नेपाल बिजनेस इन्स्टिच्युटले संयुक्त रुपमा आयोजना गरेको नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन २०८२ लाई बुधवार सम्बोधन गर्दै उहाँले लामो समयदेखिको आक्रोश र असन्तुष्टि जेनजी आन्दोलनका रूपमा प्रकट भएको बताउनुभयो ।

"सेवा प्रवाह, सुशासन, विकासमा 'डेलिभरी' दिन नसक्दा अहिलेको परिस्थिति सिर्जना भएको हो, राजनीतिक नेतृत्व सही नहुँदासम्म तलसम्म खराब देखिँदो रैछ", मन्त्री घिसिङले भन्नुभयो ।

उहाँले मुलुकका राजनीतिक र व्यवस्था परिवर्तन गर्न पुराना राजनीतिक दल र नेता सफल भए पनि परिवर्तनपश्चात समृद्धिको नेतृत्व गर्न चुकेको बताउनुभयो ।

पुराना ऐन कानुनले समृद्धिको जनचाहना पूरा गर्न रोकेको दाबी गर्दै मन्त्री घिसिङले निर्वाचन पछि आउने सरकारले विकासको बाधक त्यस्ता ऐन, कानुन र नीति परिवर्तन गर्नुपर्ने बताउनुभयो ।

मुलुक निर्वाचनमय भइसकेको जनाउँदै मन्त्री घिसिङले तोकिएको समयमै निर्वाचन हुनेमा आशङ्का नगर्न आग्रह गर्नुभयो । "सबै राजनीतिक दल निर्वाचन भाग लिन निर्वाचन आयोगमा दर्ता भएका छन्, तोकिएको समयमै निर्वाचन हुन्छ", उहाँले भन्नुभयो, "अहिले बुद्धिविवेक लगाउने समय हो, देशलाई सही दिशा दिन सक्ने नेतृत्व छान्नुस् ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका उपासभापति स्वर्णिम वाग्लेले आर्थिक समृद्धिको जनआकाङ्क्षा पूरा हुन नसक्दा मुलुकमा असन्तुष्टि प्रकट हुँदै आएको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रण र सुशासन अनिवार्य सर्त भएको बताउनुभयो ।

स्वदेशी र विदेशी लगानीको सुरक्षा गर्न नसक्दा मुलुकमा लगानी नआउने जनाउँदै उहाँले जेन्जी आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणले लगानीकर्ता हच्किएको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष ज्योत्सना श्रेष्ठले युवाले रोजगारी खोज्ने नभई नयाँ नयाँ इनोभेशन मार्फत रोजगारी सिर्जना गर्नुपर्ने बताउनुभयो। "प्रतिभा पलायन रोक्नुपर्छ, सरकार र शैक्षिक संस्थासँग सहकार्य गर्दै स्टार्टअप प्रवर्द्धन गर्न महासङ्घ लागिपरेको छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र पौडेलले वैदेशिक रोजगारबाट सीप र पुँजी लिएर फर्केका युवालाई स्वदेशमै उद्यमशीलतासँग जोड्न सक्नुपर्नेमा जोड दिनुभयो । सम्मेलनमा युवा उद्यमशीलता प्रवर्द्धन, चुनौती, सम्भावना, नीति निर्माणलगायत विषयमा सामूहिक छलफल हुनेछ ।

# एनपिएलः जनकपुरका खेलाडीले आमाको नाम लेखिएको जर्सीमा खेल्ने

काठमाडौँ, १० मङ्सिर (रासस) । राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा जनकपुर बोल्ट्सले 'आमा स्पेसल जर्सी' लगाएर खेल्ने भएको छ । जनकपुरले बिहीबार (आज) हुने पोखरा एभेन्जर्सविरुद्धको खेलमा 'आमा स्पेसल जर्सी' लगाएर खेल्ने भएको हो ।

आयोजित पत्रकार सम्मेलनमा जनकपुर बोल्ट्सका व्यवस्थापक निरोज खतिवडाले बिहीबार (आज) हुने खेलमा सबै खेलाडीले आ-आफ्नो आमाको नाम लेखिएको जर्सी लगाउने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आमाको सम्मानमा उक्त जर्सी लगाउने निर्णय भएको हो ।"

आज पनि उक्त जर्सी लगाएर खेल्ने र त्यसपछि ती जर्सीलाई बिक्रीका लागि अक्सनमा राखिने जनाइएको छ । जर्सी बिक्रीबाट सङ्कलन भएको रकम आमा समूहलाई प्रदान गरिने खतिवडाले बताउनुभयो । सुरुवाती दुवै खेलमा पराजित भएको साविक विजेता जनकपुर बोल्ट्स बिहीबार भने पहिलो जितको खोजीमा हुनेछ ।

# सार्वजनिक सेवाको प्रभावकारिता वृद्धि ३९ बुँदे कार्ययोजना

काठमाडौँ, १० मङ्सिर (रासस) । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले तत्काल सुधार कार्यायोजना कार्यान्वयनमा ल्याएको छ । मन्त्रालयले उद्योग, वाणिज्य र आपूर्ति क्षेत्र सुधारका लागि समयसीमा तोकेर ३९ बुँदे कार्ययोजना ल्याएको हो ।

व्यावसायिक सुशासन प्रवर्द्धनका लागि नीतिगत तथा कानुनी सहजीकरण, गरिबी निवारणका लागि लघुउद्यम विकास, दलित समुदायको परम्परागत तथा मौलिक पेसाको संरक्षण एवं प्रवर्द्धनमार्फत रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गरिने कार्ययोजनामा उल्लेख छ ।

त्यसका लागि आगामी माघसम्म औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी प्रवर्द्धन गर्न कम्पनी विधेयक, २०८२ को मस्यौदा गर्ने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ लाई संशोधन गर्ने लक्ष्य राखिएको छ ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता जीतेन्द्र बस्नेतले सेवा प्रवाहमा तत्काल सुधार ल्याउन कार्ययोजना जारी गरी कार्यान्वयनमा ल्याइएको बताउनुभयो । "चालु आवको बजेट, नीति तथा कार्यक्रममा घोषणा भएका आयोजनाको सहज कार्यान्वयनका लागि नीति, कानुन, योजना र कार्यविधि बनाउने कार्य भइरहेको छ", उहाँले भन्नुभयो ।

कार्ययोजना कार्यान्वयनका लागि मन्त्रालयका महाशाखा, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, औद्योगिक व्यवसायिक प्रतिष्ठान, औद्योगिक क्षेत्र लिमिटेड, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलगायत निकायलाई जिम्मेवार ठहराइएको प्रवक्ता बस्नेतले उल्लेख गर्नुभयो ।

कार्ययोजनामा उद्योग प्रशासनसम्बद्ध सेवा सरलीकरण र 'स्टार्टअप' कर्जा प्रवाह सहजीकरण, कम्पनी प्रशासनसँग सम्बन्धित सेवाको प्रभावकारिता अभिवृद्धि, सुरक्षित एवं व्यवस्थित अभिलेख व्यवस्थापन, कम्पनी दर्ता एवं खारेजी प्रक्रियामा कार्यविधिगत सरलीकरण प्रभावकारिता अभिवृद्धिका काम गर्ने उल्लेख छ ।

वाणिज्य क्षेत्रको सुधारका लागि बहुपक्षीय व्यापारको क्षेत्रमा नीतिगत सुधार, बहुपक्षीय व्यापारसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन, क्षमता अभिवृद्धि, द्विपक्षीय व्यापार र पारवहन व्यवस्थामा सुधार गर्ने लक्ष्य कार्ययोजनामा समेटिएको छ ।

त्यस्तै स्वदेशी उत्पादन तथा बजार प्रवर्द्धन, सूचना प्रविधिको प्रयोगमार्फत व्यवसायसम्बद्ध सेवाको पारदर्शिता, अत्यावश्यक वस्तु निरन्तर आपूर्ति र खाद्यान्न उपलब्धताको सुनिश्चितता, पेट्रोलियम पदार्थको वितरणमा पारदर्शितालगायत काममा विभिन्न निकायले काम गर्नेछन् ।

# दुई सय १३ किलोग्राम गाँजा बरामद

वीरगञ्ज (पर्सा), १० मङ्सिर (रासस) । विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बलको टोलीले विन्दवासिनी गाउँपालिका-६ बटसौरामा कुन्युभित्र लुकाइराखेको दुई सय १३ किलो गाँजा बरामद गरेको छ । गस्तीमा रहेको टोलीले मङ्गलबार उक्त परिमाणको गाँजा बरामद गरेको प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले राससलाई बताउनुभयो । सशस्त्र प्रहरी बलले सीमावर्ती क्षेत्रमा चोरीतस्करी तथा लागुऔषध ओसारपसार हुन नदिन 'इन्टेलिजेन्स लिड अपरेसन' सञ्चालन गरेको छ ।

***बेरोजगार...***

किसानहरूलाई प्रतिकट्ठा १५ सय रुपैयाँ राहत वितरणको प्रक्रिया प्रदेश सरकारबाट अघि बढाइएको मुख्यमन्त्रीले जानकारी दिए ।

नेपाल सरकारद्वारा स्वीकृत मल वितरण व्यवस्थापन कार्यविधि(२०८२ अनुसार प्रदेशका आठै जिल्लामा मलको कालोबजारी, ढिलासुस्ती र अनियमितता रोक्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेका मल वितरण समितिलाई पूर्ण रुपमा सक्रिय गरिने, मल नउठाउने वा वितरणमा ढिलाइ गर्ने सहकारी तथा विक्रेताको कोटा तत्काल कटौती गरी आवश्यक स्थानमा सारिने तथा कानुनी कारबाहीसहित कडाइ गरिने मुख्यमन्त्री यादवले बताए ।

गत वर्षदेखि रोकिएको उखु प्रवर्द्धन खर्च (प्रति क्वीन्टल ७० रुपैयाँ) नपाउँदा किसान र उद्योग दुवै प्रभावित भएको भन्दै मुख्यमन्त्री यादवले संघीय सरकारलाई बक्यौता रकम तुरुन्त निकासा गर्न आग्रह गरेका छन् ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*